**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे**
**माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही**
आदेश

**रिट नं.** : ०६९-WO-०९९९
**मुद्दा** : उत्प्रेषणयुक्त परमादेश ।

जिल्ला पर्सा विरगंज उपमहानगरपालिका वडा नं. १९ बस्ने भागृत साह कानू.......................................................................................१ **निवेदक**
जिल्ला महोत्तरी डाम्हीमडै गा.वि.स. वडा नं. ६ बस्ने प्रवीणकुमार लाभ ....१

**विरुद्ध**

राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौं ..................................१
अन्तरिम मन्त्रिपरिषदका अध्यक्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं .........................................................................१
संवैधानिक परिषद्, सिंहदरबार काठमाडौं ..........................................१
निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ..............................................१
अन्तराष्ट्रिय सम्मेलन केन्द्र वानेश्वरमा कार्यालय रहेको उच्च स्तरीय राजनीतिक समिति (राजनैतिक संयन्त्र) ............................................१
उच्चस्तरीय राजनीतिक समिति (राजनैतिक संयन्त्र) का सदस्य भनिएका ए.ने.क.पा. (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल, ए.ने.क.पा.(माओवादी) को केन्द्रीय कार्यालय, पेरिसडाँडा कोटेश्वर, काठमाडौं .......................१ **विपक्षी**
उच्चस्तरीय राजनीतिक समिति (राजनैतिक संयन्त्र)का सदस्य भनिएका नेपाली काङ्ग्रेसका सभापति शुसील कोइराला, नेपाली काङ्ग्रेसको केन्द्रीय कार्यालय सानेपा, ललितपुर ..........................................................................१
उच्चस्तरीय राजनीतिक समिति (राजनैतिक संयन्त्र) का सदस्य भनिएका ने.क.पा (एमाले)का अध्यक्ष झलनाथ खनाल, ने.क.पा.(एमाले)को केन्द्रीय कार्यालय, वल्खु, काठमाडौं ..........................................................१

उच्चस्तरीय राजनीतिक समिति (राजनैतिक संयन्त्र)का सदस्य भनिएका मधेसी जनअधिकार फोरम लोकतान्त्रीक)का अध्यक्ष विजय कुमार गच्छेदार, मधेसी जन अधिकार फोरम (लोकतान्त्रिक) केन्द्रीय कार्यालय, ललितपुर ............१

पेरिसडाडा कोटेश्वर काठमाडौंमा केन्द्रीय कार्यालय भएको ए.ने.क.पा (माओवादी) ................................................................................१

ललितपुर उ.म.पा. सानेपा ललितपुर केन्द्रीय कार्यालय भएको नेपाली काङ्ग्रेस पार्टी ........................................................................................१

का.म.न.पा. वल्खु काठमाडौं केन्द्रीय कार्यालय भएको ने.क.पा(एमाले) .....१

ललितपुर उ.म.पा सानेपामा केन्द्रीय कार्यालय रहेको मधेसी जनअधिकार फोरम (लोकतान्त्रीक) ...................................................................१

का.जि.का.म.न.पा वडा नं. १० मध्य वानेश्वर वस्ने प्रमुख निर्वाचन आयुक्त पदमा नियुक्त गरिएका निलकण्ठ उप्रेती ............................................१

का.जि.का.म.न.पा. वडा नं. ४ सिद्धिगल्ली घर नं. १८६ बस्ने निर्वाचन आयुक्त दोलखबहादुर गुरुङ्ग .........................................................१

का.जि.का.म.न.पा. वडा नं. ३४ शान्तिनगर (कोटेश्वर मन्दिर छेउ) वस्ने पुर्व निर्वाचन आयुक्त अयोधीप्रसाद यादव ..........................................१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ को उपधारा (२) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

## तथ्य खण्ड

१. निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरुको पद रिक्त भएको अवस्थामा विपक्षी पूर्व निर्वाचन आयुक्तहरुलाई नै पुनः प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त पदमा पुनः नियुक्ति गर्न भनी विपक्षीहरु पुष्प कमल दाहाल, शुशील कोइराला, झलनाथ खनाल, र विजय कुमार गच्छेदार सदस्य रहेको भनिएको राजनैतिक संयन्त्रले पार्टीगत भागवण्डाको आधारमा विपक्षीहरु निलकण्ठ उप्रेती, दोलख बहादुर गुरुङ्ग र अयोधि प्रसाद यादवलाई संविधानको धारा १२८ मा भएको संवैधानिक व्यवस्थाको विपरित प्रमुख आयुक्त र आयुक्त नियुक्ति गर्न अन्तरिम मन्त्रिपरिषद् समक्ष सिफारिस गरेको भन्ने समाचारहरु प्रकाशित भएको र सिफारिसको प्रतिलिपि माग गर्न तिनीहरुको कार्यालयमा निवेदन पेश गर्दा अन्तिम निर्णय नभई कागजातको प्रतिलिपि दिन नमिल्ने भनी निवेदन दर्ता नगरी फर्काइयो।

२. सम्मानित राष्ट्रपतिज्यूबाट मिति २०६९/१२/१ मा जारी गरेको वाधा अड्काउ फुकुवा आदेशको वुँदा नं.२० मा संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्ति राजनीतिक सहमतिका आधारमा गर्ने भन्ने उल्लेख गरिएको र सोही आधारमा विपक्षी नं.१०, ११, १२ र १३ को तर्फबाट क्रमश विपक्षी नं.६, ७, ८ र ९ सदस्य रहेको भनिएको विपक्षी नं.५ ले केही दिन अघि गरेको भनिएको विवादित निर्णय तथा सिफारिस र सो सिफारिसको आधारमा विपक्षी नं.३ ले गर्ने नियुक्ति सम्बन्धी निर्णय र नियुक्ति सिफारिस साथै सो सिफारिसका आधारमा हुने अन्य काम कारवाही संविधानको प्रस्तावना, धारा १ र १२८ समेतको विपरीत हुने भएकाले धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेश जारी गरी उक्त गैर संवैधानिक कार्यलाई शुरु देखिनै वदर घोषित गरी संवैधानिक प्रावधानहरुको अक्षरशः पालना गरी रिक्त रहेको प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तपदहरुमा यथाशिघ्र नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरुको नाउमा अन्तरिम आदेश सहित माग गरी परमादेश लगायत जो चाहिने उपयुक्त आदेश जारी गरी पाऊँ भन्ने रिट निवेदनको ब्यहोरा ।

३. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए प्रमाण समेत खुलाई पन्ध्र दिन भित्र प्रत्यर्थी नं.१, २, ३, ४ का हकमा आफै वा आफ्नो प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाउमा १५ दिने म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधी नाघेपछि यस सँग सम्बन्धित रिट नं.०६९-wo-१०२६ को निवेदन समेत साथै राखी पेश गर्नु । साथै मुद्दाको पूर्ण सुनुवाईको अवस्थामा नै निवेदन माग सम्बन्धमा विचार हुने हुँदा तत्काल अन्तरिम आदेश जारी गरीरहनु परेन भन्ने यस अदालतको मिति २०७०/०१/०३ गते भएको आदेश ।

४. नेपाल सरकारको नामबाट सम्पादन हुने सम्पूर्ण काम कारवाही र निर्णय कानूनी राज्यको अवधारणाबमोजिम संविधान प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको अधिनमा रही सम्पादन हुने व्यहोरा जानकारी गराउन चाहन्छु । संविधानको धारा ४३ को उपधारा (१) मा नेपाल सरकारको सञ्चालनको संयुक्त जनआन्दोलनको भावना, राजनैतिक सहमती र सहकार्यको संस्कृति अनुरुप गरिनेछ भन्ने व्यवस्था रहेको हुँदा सो धाराको मर्म र भावनालाई समेत विचार गरी कार्य गर्नु पर्ने कुरामा विवाद हुन सक्तैन ।

५. जहाँसम्म निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि उच्चस्तरीय राजनीतिक समितिले नेपाल सरकारलाई सिफारिस गरेको भनी रिट निवेदनले उठाउनु भएको विषय छ, सो सम्बन्धमा निर्वाचन आयोग जस्ता संवैधानिक

निकायहरुका पदाधिकारीहरुको नियुक्तिको लागि सिफारिस गर्न संविधानको धारा १४९ ले संवैधानिक परिषदको व्यवस्था गरेको, सो व्यवस्थाको कार्यान्वयनमा व्यवस्थापिका संसद् नभएको अवस्थामा वाधा अड्काउ परेकाले मिति २०६९/१२/१ मा सम्मानीय राष्ट्रपतिबाट जारी भएको वाधा अड्काउ फुकाउने आदेशको बुँदा नं.२० मा उल्लेखित प्रावधानको साथै संविधानले व्यवस्था गरेको संवैधानिक परिषद नेपाल सरकार अन्तरगतको निकाय नभई छुट्टै स्वतन्त्र निकाय रहेको र सो परिषदको कार्य प्रणाली कानून द्वारा व्यवस्थित भएको छ । परिषदले गरेको सिफारिसको आधारमा सम्मानीय राष्ट्रपतिबाट नियुक्ति हुने संवैधानिक व्यवस्था हुँदा संवैधानिक परिषदबाट संविधान र प्रचलित कानून समेतका आधारमा निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तको नियुक्तिका लागि संवैधानिक परिषदको मिति २०६९/१२/८ को सिफारिस बमोजिम मिति २०६९/१२/११ मा सम्मानीय राष्ट्रपतिबाट नियुक्ति भईसकेको हुँदा रिट निवेदनको माग औचित्यहीन र निरर्थक भई सकेको हुँदा कानून बमोजिम सो सिफारिस एवं नियुक्ति बदर हुनुपर्ने आधार र कारण विद्यमान नभएकाले रिट निवेदन खारेज भागी छ, खारेज गरी पाऊँ भन्ने संवैधानिक परिषद एवं आफ्नो हकमा समेत मन्त्रीपरिषदका अध्यक्ष खिलराज रेग्मीले मिति २०७०/२/१० मा दर्ता गर्नु भएको लिखित जवाफ ।

६. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ती सम्बन्धी प्रावधानलाई हेर्दा संवैधानिक परिषदको सिफारिसमा सम्मानीय राष्ट्रपतिबाट हुने र सम्मानीय प्रधान न्यायाधीशले प्रमुख निर्वाचन आयुक्तलाई र प्रमुख निर्वाचन आयुक्तले अन्य निर्वाचन आयुक्तलाई शपथ ग्रहण गराएपछि मात्र कार्यभार सम्हाल्न पाइने हुन्छ । सोही अनुरुप दोस्रो कार्यकालका लागि नियुक्त व्यक्तिले शुन्य अवस्थाबाट शुरु भई पुनः शपथ खाएर मात्र कार्यभार सम्हाल्ने अवस्था अइपरेको हो । यो व्यवस्था अन्य सरकारी सेवा वा सार्वजनिक पदाधिकारी सरहको बढुवा वा पुनः पदभार ग्रहण गरेको वा पुनः पदवहाली गरेको अवस्था होइन । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्तिको सिफारिस गर्ने स्वतन्त्र र स्वायत्त निकाय संवैधानिक परिषदमा मन्त्रिपरिषदका अध्यक्ष एवं प्रधानन्यायाधीश, का.मु. प्रधानन्यायाधीश, मन्त्रीपरिषद्का तीन जना सदस्य मन्त्रीसमेत रहने व्यवस्था छ । हाल विद्यमान संवैधानिक परिषदमा ३५ वर्ष भन्दा बढी न्याय र कानूनको क्षेत्रमा क्रियाशील अझ भनौं न्याय सम्पादनको कार्यमा सरिक व्यक्तिहरु सम्मानित मन्त्रिपरिषदका अध्यक्ष एवं प्रधानन्यायाधीश र सम्मानित का.मु. प्रधानन्यायाधीश तथा ३० वर्ष भन्दा बढी न्याय र कानूनको क्षेत्रमा क्रियाशिल कानून सचिवसमेतको जिम्मेवारी सम्हालेका ख्याती प्राप्त कानूनविद् एवं वर्तमान सामान्य प्रशासनमन्त्री माधवप्रसाद पौडेलसमेत संलग्न हुनुहुन्छ । संवैधानिक परिषदमा संलग्न रहेका उल्लेखित अनुभव प्राप्त पदाधिकारीहरुबाट पूर्णरुपमा कानूनी

मन (Judicial mind) प्रयोग गरी प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि सिफारिस गरेबमोजिम सम्मानीय राष्ट्रपतिबाट नियुक्ति भएको कुरा गैरकानूनी र गैर संवैधानिक हुने प्रश्न नै रहँदैन । तसर्थ, संवैधानिक र कानूनी नियुक्तिलाई गैरकानूनी भनी निवेदकले लिएको जिकिर नै गैरकानूनी हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको निर्वाचन आयुक्त दोलखबहादुर गुरुङ्गले मिति २०७०/२/१० मा पेश गरेको लिखित जवाफ ।

७. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्तिको सिफारिस गर्ने स्वतन्त्र र स्वायत्त निकाय संवैधानिक परिषदमा मन्त्रीपरिषदका अध्यक्ष एवं प्रधान न्यायाधीश, का.मु. प्रधान न्यायाधीश, मन्त्रिपरिषदका तीनजना सदस्य मन्त्रीहरु समेत रहने व्यवस्था छ । हाल विद्यमान संवैधानिक परिषदमा ३५ वर्ष भन्दा बढि त्यहि क्षेत्रमा काम गरेका व्यक्तिहरु सम्मानीय मन्त्री परिषदका अध्यक्ष एवं प्रधान न्यायाधीश, सम्मानीय का.मु. प्रधान न्यायाधीश तथा ३० वर्षभन्दा बढी कानून क्षेत्रमा कामगरी कानून सचिवको समेत जिम्मेवारी सम्हाली सकेका वर्तमान सामान्य प्रशासन मन्त्री माधव पौडेल समेत संलग्न हुनुहुन्छ । संवैधानिक परिषदमा संलग्न रहेका उल्लेखित अनुभव प्राप्त पदाधिकारीहरुबाट पूर्णरुपमा कानूनी मन (Judicial mind) प्रयोग गरी प्रमुख निर्वाचन आयुक्त र निर्चाचन आयुक्तको पदमा नियुक्तिको लागि सिफारिस गरेबमोजिम सम्मानीय राष्ट्रपतिबाट नियुक्ति भएको कुरा गैरकानूनी र गैर संवैधानिक हुने प्रश्न नै रहँदैन । तसर्थ, संवैधानिक र कानूनी नियुक्तिलाई गैरकानूनी भनी निवेदकले लिएको जीकिर नै गैरकानूनी हुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी निर्वाचन आयोगका सचिव नारायणगोपाल मलेगो निर्वाचन आयुक्त अयोधि प्रसाद यादव र प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीको एकै मिलानको लिखित जवाफ ।

८. नेपालको अन्तरिम संविधानको धारा १४९ ले संवैधानिक परिषदको व्यवस्था गरेको र निर्वाचन आयोग जस्ता संवैधानिक निकायहरुमा पदाधिकारीहरुको नियुक्तिको लागि सिफारिस गर्न संविधानको धारा १४९ ले संवैधानिक परिषदको व्यवस्था गरेको कुरामा विवाद छैन । संवैधानिक परिषदको सिफारिसमा सम्मानीय राष्ट्रपतिबाट जारी भएको वाधा अड्काउ फुकाउने आदेशको बुँदा नं.२० मा उल्लेखित प्रावधान र व्यवस्थाका आधारमा संवैधानिक परिषद्ले आफ्नो कार्य सुचारु गर्न नै सक्ने हुँदा रिट निवेदन व्यहोरा गलत तथ्यका आधारमा दायर गरिएको र परिषदले कानूनमा व्यवस्था भए बमोजिम गरेको सिफारिस अनुसार संवैधानिक पदमा सम्मानित राष्ट्रपतिबाट नियुक्ति हुने संवैधानिक व्यवस्था हुँदा संवैधानिक परिषदले संविधान, प्रचलित कानून समेतका आधारमा निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तको नियुक्ति सम्माननीय राष्ट्रपतिबाट भई सकेको र सो कार्य संविधान सम्मत भई भए गरिएको भन्ने कुरा म

आफु पनि विश्वस्त हुँदा रिट निवेदनमा म समेतलाई विपक्षी बनाउने कुनै कानूनी एवं संवैधानिक आधार र कारण नभएको अवस्थामा रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाऊ भन्ने समेत व्यहोराको ने.क.पा. एमाले का अध्यक्ष झलनाथ खनालको मिति २०७०/२/२१ को लिखित जवाफ।

९. संविधानसभा द्वारा नयाँ संविधान बन्न नसकेको, संविधानसभा पनि जीवित नरहेको र संवैधानिक पदहरु रिक्त हुँदै राज्य संचालनमा कठिनाई उत्पन्न भएको अवस्थामा सार्वभौम जनताको हकको कदर गर्दै नयाँ संविधानसभाको निर्वाचन गर्ने समेतको काम सम्पन्न गर्ने निकायको पदाधिकारीको नियुक्ति गर्न आवश्यक भएको र त्यसको लागि भै रहेको कानूनी व्यवस्थाबाट मात्र निकास नदेखिएको हुँदा मिति २०६९/१२/1 मा राष्ट्रपतिद्वारा जारी बाधा अड्काउ फुकाउने आदेश बमोजिम संवैधानिक परिषदले मिति २०६९/१२/८ मा गरेको सिफारिस बमोजिम सम्मानीय राष्ट्रपतिबाट मिति २०६९/१२/११ मा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त पदमा भएको नियुक्तिमा कुनै संवैधानिक र कानूनी त्रुटी समेत नहुँदा रिट निवेदन खारेज भागी छ । खारेज गरी पाउँ भन्ने समेत व्यहोराको उच्चस्तरीय राजनैतिक समितिका तर्फबाट ने.क.पा. एमालेका अध्यक्ष झलनाथ खनालको मिति २०७०/३/११ को लिखित जवाफ।

१०. नेपालको अन्तरिम संविधान २०६३ ले संविधानसभाको परिकल्पना एक पटकको लागि मात्र गरिएको भए पनि विभिन्न समस्याका बावजुद तोकिएको समयमा संविधानसभाबाट संविधान जारी हुन नसकी संविधानसभाको अवधि समाप्त भयो । सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश (फैसला) अनुसार पनि संविधान सभाको चुनाव अपरिहार्य भएको स्पष्ट छ । संविधानसभा-२ को निर्वाचनमा देशका सम्पूर्ण नागरिकले स्वतन्त्र एवं भयरहित वातावरणमा आफ्नो मताधिकार प्रयोजन गर्न पाउनु पर्दछ भन्ने कुरामा नेपाली काँग्रेस प्रतिवद्ध छ । संविधासभा-२ स्वतन्त्र निष्पक्ष एवं भयरहित निर्वाचनका लागि सम्माननीय खिलराज रेग्मीज्यूको नेतृत्वमा चुनावी सरकार भई सकेको, निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त एवं आयुक्तहरु नियुक्त भइसकेको, सर्वोच्च अदालतमा माननीय न्यायाधीशहरु समेतको नियुक्ति भई संविधानसभाको निर्वाचनको मिति तय भई सकेको अवस्था हुँदा रिट निवेदकले उठाएका कुराहरु सम्पन्न भई सकेको हुँदा रिट निवेदनको औचित्य नरहेकोले रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको उच्चस्तरीय राजनीतिक समिति (राजनैतिक संयन्त्र) का सदस्य एवं नपाली काँग्रेस पार्टीका तर्फबाट समेत नेपाली काँग्रेस पार्टीका सभापति शुशील कोइरालाले मिति २०७०/३/१२ मा पेश गरेको लिखित जवाफ ।

## ठहर खण्ड

११. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पुर्ण कागजातहरुको अध्ययन गरियो । विपक्षी राष्ट्रपतिको कार्यालय, शितल निवास काठमाडौंसमेतको तर्फबाट उपस्थित हुनुभएका सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई र उपन्यायाधिवक्ता श्री घनश्याम ओझा तथा प्रमुख निर्वाचन आयुक्त श्री निलकण्ठ उप्रेतीसमेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल र श्री महादेवप्रसाद यादवले निर्वाचन आयोग जस्ता संवैधानिक निकायहरुका पदाधिकारीहरुको नियुक्तिको लागि सिफारिस गर्न संविधानको धारा १४९ ले संवैधानिक परिषद्को व्यवस्था गरेको, सो व्यवस्थाको कार्यान्वयन अवस्थामा बाधा अड्काउ परेकाले मिति २०६९।१२।०१ मा सम्माननीय राष्ट्रपतिबाट जारी भएको बाधा अड्काउ फुकाउने आदेशको बुँदा नं. २० मा उल्लेखित प्रावधानको साथै संविधानले व्यवस्था गरेको संवैधानिक परिषद् नेपाल सरकार अन्तर्गतको निर्णय नभई छुट्टै स्वतन्त्र निकाय रहेको, सो परिषद्को कार्यप्रणाली कानूनद्वारा व्यवस्थित भएको परिषद्ले गरेको सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट नियुक्ति हुने संवैधानिक व्यवस्था रहेको, संवैधानिक परिषद्को मिति २०६९।१२।०८ को सिफारिसबमोजिम मिति २०६९।१२।११ मा सम्माननीय राष्ट्रपतिबाट नियुक्ति भइसकेको हुँदा रिट निवेदनको माग औचित्यहीन र निरर्थक भइसकेकोले कानूनबमोजिम सो सिफारिस एवं नियुक्ति बदर हुनुपर्ने आधार र कारण छैन, रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको सारगर्भित बहससमेत सुनियो ।

१२. यसमा रिट निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशसमेतको आदेश जारी हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

१३. निर्णयतर्फ विचार गर्दा, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८ को विपरित हुने गरी निलकण्ठ उप्रेतीलाई निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त, दोलखबहादुर गुरुङ र अयोधिप्रसाद यादवलाई निर्वाचन आयोगको आयुक्तमा नियुक्त गर्ने गरी विपक्षीहरुबाट भएको सिफारिस, निर्णय लगायत काम, कारवाहीहरु संविधानको प्रस्तावना, धारा १, धारा १२८ समेतको विपरित भएकोले नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन र संवैधानिक परिषदले गरेको सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुसमेतको नियुक्ति हुने संवैधानिक व्यवस्था हुँदा संवैधानिक परिषदबाट संविधान र प्रचलित कानूनसमेतका आधारमा निर्वाचन आयोगको प्रमुख आयुक्त र नियुक्तिका लागि संवैधानिक परिषदको

मिति २०६९।१२।०८ को सिफारिसबमोजिम मिति २०६९।१२।११ मा सम्माननीय राष्ट्रपतिबाट नियुक्ति भईसकेको हुँदा कानूनबमोजिमको सो सिफारिस एवं नियुक्ति बदर हुनुपर्ने आधार र कारण विद्यमान छैन भन्नेसमेत व्यहोराको विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ ।

१४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३७ को उपधारा (१) बमोजिम नेपालको कार्यकारिणी अधिकार मन्त्रीपरिषदमा निहित रहेको र सोही धाराको उपधारा (२) बमोजिम संविधान र अन्य कानूनको अधिनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा मन्त्रीपरिषदमा रहेको देखिन्छ । नेपालको अन्तरिम संविधानको धारा ४३ को उपधारा (१) मा नेपाल सरकारको संचालन संयुक्त जनआन्दोलनको भावना, राजनैतिक सहमति र सहार्यको संस्कृति अनुरुप गरिनेछ भन्ने व्यवस्था रहेको छ । रिट निवेदकले रिट निवेदनमा मुल रुपमा उठाउनुभएको विषय निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि विपक्षीमध्येका उच्चस्तरीय राजनीतिक समितिले नेपाल सरकारलाई सिफारिस गरेको कार्यसमेत गैरसंवैधानिक रहेको भन्नेसमेतका सम्बन्धमा हेर्दा निर्वाचन आयोगजस्ता संवैधानिक निकायहरुका पदाधिकारीहरुको नियुक्तिको लागि सिफारिस गर्न संविधानको धारा १४९ ले संवैधानिक परिषदको व्यवस्था गरेको, सो व्यवस्थाको कार्यान्वयनमा व्यवस्थापिका संसद नभएको अवस्थामा बाधा अड्काउ परेकोले मिति २०६९।१२।०१ मा सम्माननीय राष्ट्रपतिबाट अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम बाधा अड्काउ फुकाउने आदेश जारी भएको देखिन्छ । तत्पश्चात् विपक्षी संवैधानिक परिषद्को मिति २०६९।१२।०८ को सिफारिसबमोजिम मिति २०६९।१२।११ मा सम्माननीय राष्ट्रपतिबाट प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ति भइसकेको मिसिल संलग्न निजहरुको नियुक्ति पत्रको प्रतिलिपिहरु बाट देखिएको छ । मिसिल संलग्न विपक्षीहरुको लिखित जवाफ र सो साथ संलग्न प्रमाण कागजातहरुबाट रिट निवेदकले जुन निर्णय र सिफारिससमेतको संवैधानिकता माथि प्रश्न उठाइ निवेदन दर्ता गर्नुभएको छ, सो सिफारिस र निर्णयबमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती, निर्वाचन आयुक्त दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादवको नियुक्तिसमेत भईसकेको र नेपालको अन्तरिम संविधान, २०६३ खारेज भइसकेको, नयाँ जारी भएको संविधानबमोजिम संघीय संसदसमेतको निर्वाचन सम्पन्न भइसकेको परिप्रेक्ष्यमा रिट निवेदनको माग औचित्यहीन र निरर्थक भइसकेको देखिन्छ ।

१५. यसप्रकार व्यवस्थापिका संसदको निर्वाचन हुन नसकी रिक्तता रहेको अवस्थामा निर्वाचन आयोगजस्तो संवैधानिक निकायका पदाधिकारीको नियुक्तिमा पर्न गएको बाधा अड्काउ

फुकाउनका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ ले गरेको संवैधानिक प्रावधान बमोजिम मिति २०६९।१२।०१ मा आदेश जारी भएपश्चात संवैधानिक परिषदले गरेको मिति २०६९।१२।०८ को सिफारिसबमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०६९।१२।११ मा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको पुन : नियुक्ति भइसकेको मिसिलबाट देखिएको छ । उक्त मिति २०६९।१२।०१ को बाधा अड्काउ फुकाउने आदेश र मिति २०६९।१२।०८ को संवैधानिक परिषदको सिफारिस र सम्माननीय राष्ट्रपतिबाट मिति २०६९।१२।११ मा भएको नियुक्तिका सम्बन्धमा नै निवेदकले प्रश्न उठाएकोमा सो बमोजिमका कार्यहरु सम्पन्न भइ आदेशको प्रयोजन समाप्त भइसकेको अवस्था छ । संविधानसभाबाट नेपालको संविधान पनि जारी भइसकेको छ । नेपालको संविधानको धारा ३०८ बाट नेपालको अन्तरिम संविधान, २०६३ पनि खारेज भइसकेको छ । अब अस्तित्वमा नै नरहेको बाधा अड्काउ फुकाउको आदेश र सोबमोजिम प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरुको नियुक्तिको लागि संवैधानिक परिषद्ले गरेको सिफारिससमेत लाई उत्प्रेषणको रिटबाट बदर गर्नुपर्ने अवस्था रहेन । तत्कालीन मन्त्रीपरिषदका अध्यक्षले राजिनामा दिइसकेको र निजको अध्यक्षतामा गठित मन्त्रीपरिषद् नै हाल बहाल नरहेको तथा तत्कालीन संवैधानिक परिषद्का अध्यक्ष लगायतका अन्य पदाधिकारीहरु समेत पदमा बहाल नरहेको हुँदा निवेदकको माग अनुरुप परमादेशको आदेशसमेत जारी गरीरहनुपरेन । तसर्थ, अब यस परिवर्तित परिस्थितिमा प्रस्तुत निवेदनको विषयमा रिट जारी हुन सक्ने अवस्था रहेको देखिएन।

१६. अदालतले आफुसमक्ष विचाराधीन विवादित विषयको मात्र निरुपण गर्ने हो । निवेदकहरुले निवेदन दिंदाको बखतमा विवादित भनिएको विषय नै राजनीतिक प्रकृया र विकसित नयाँ संवैधानिक प्रणालीबाट परिस्थितिको परिवर्तन भई विवादको अवस्थाको औचित्य नै समाप्त भइसकेको स्थितिमा उक्त विषयलाई पुन : बल्झाई विवाद रहे सरहको स्थितिको कल्पना गरी अदालतले बोल्नु औचित्यपुर्ण र बान्छित हुन सक्दैन ।

१७. यस्तै प्रयोजनविहिन भइसकेको विषयवस्तु रहेको निवेदक श्रीप्रसाद उपाधयायसमेत विरुद्ध सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत विपक्षी भएको सम्वत् २०६३ सालको रिट नं. ०६३-WS-०००२, ०००८, ०००९, ००१० का रिट निवेदनहरुमा यस अदालतको विषेश इजलासबाट निवेदकहरुले न्यायिक पुनरावलोकन गर्नुपर्ने आधारका रुपमा देखाएको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ र सो संविधानसँग बाझिने गरी घोषणा गरिएको भनिएको प्रतिनिधिसभाको घोषणा, २०६३ दुवैको अस्तित्व हाल कायम नरहेको, उक्त संविधानको खारेजी गर्दै नयाँ अन्तरिम संविधान लागु भई सञ्चालनमासमेत आइसकेको

र प्रतिनिधि सभाको घोषणामा अन्तरनिहित सबैजसो विषयवस्तुलाई अन्तरिम संविधानले संबोधन गरी संवैधानिक प्रावधानका रुपमा ग्रहणसमेत गरीसकेको अवस्थामा २०४७ सालको संविधानसँग प्रतिनिधिसभा घोषणा बाझिए नबाझिएको भन्ने सम्बन्धमा न्यायिक परिक्षण गरीरहनुको कुनै औचित्य र सान्दर्भिकता नहुने भनी मिति २०६५।०१।१२।५ मा निवेदन खारेज हुने ठहरी आदेश भई ने.का.प. २०६५, अंक २, नि.नं. ७९२५ मा सिद्धान्तसमेत प्रतिपादन भइसकेको देखिंदा सो सिद्धान्त प्रस्तुत रिट निवेदनका सम्बन्धमा पनि आकर्षित हुने देखियो ।

१८. साथै यस्तै विषयवस्तु र प्रकृतिको रिट निवेदक अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीसमेत विपक्षी राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाडौंसमेत विपक्षी भएको ०६९-WO-०९७६ को उत्प्रेषण, परमादेश अधिकारपृच्छासमेतको रिट निवेदनमा यसै अदालतबाट रिट निवेदनको औचित्य र प्रयोजन समाप्त भइसकेको भन्ने आधारमा निवेदन खारेज हुने ठहर गरी मिति २०७२।१२।१५।२ मा भएको आदेशसमेत प्रस्तुत मुद्दामा प्रासंगिक हुने देखियो ।

१९. अत : उल्लेखित आधार कारण र यसै अदालतबाट प्रतिपादित सिद्धान्त र पुर्व आदेशबमोजिम जुन सिफारिस र नियुक्तिका सम्बन्धमा निवेदकले प्रश्न उठाएको हो, सो सम्बन्धमा सम्माननीय राष्ट्रपतिज्यूबाट संविधानको बाधा अड्काउ फुकाउ आदेश जारी भई सो आदेशबमोजिम संवैधानिक परिषदबाट सिफारिस भई सो सिफारिससमेतका आधारमा सम्माननीय राष्ट्रपतिबाट नियुक्तिसमेत प्रदान गरीसकेको अवस्था रहनुका साथै तत्काल बहाल रहेको मन्त्रीपरिषदले निर्वाचन सम्पन्न गरी गठन भएको नयाँ संविधानसभाबाट नेपालको संविधान निर्माण भई लागु भइसकेको हालको परिस्थितिमा सारभुत परिवर्तन आइ निवेदन दायर गर्दाको अवस्थाको विवादित विषय नै निरर्थक र प्रयोजनहीन भएको हुँदा रिट निवेदनको अन्तर्वस्तुभित्र प्रवेश गरी थप बोलीरहनु आवश्यक नदेखिएकोले निवेदकहरुको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

**न्यायाधीश**

उक्त रायमा सहमत छु ।

**न्यायाधीश**

**इजलाश अधिकृत** : जयराम श्रेष्ठ

**कम्प्युटर** : चन्द्रशेर राना

इति सम्वत २०७५ साल वैशाख ३१ गते रोज २ शुभम् ।